निर्वाचन आयोग, नेपाल
# जिल्ला निर्वाचन कार्यालय, रौतहट
# DISTRICT ELECTION OFFICE, RAUTAHAT

पत्र संख्या : २०८१/०८२
च.न. :

मिति :२०८२/०१/०३
नेपाल संवत् ११४५

**मतदाता नामावली अध्यावधिक कार्यक्रम सुचारु हुने सम्बन्धी सूचना ।**

निर्वाचन आयोगको मिति २०८१।१२।१७ गतेको निर्णयानुसार सम्वत् २०८२ साल बैशाख १ गते देखि मतदाता नामावली अध्यावधिकको कार्यक्रम सञ्चालन गरि बैशाख महिनाको मसान्तमा अन्तिम मतदाता नामावली प्रकाशन गर्नुपर्ने भएको हुँदा आ-आफ्नो मतदाता नामावलीमा कुनै विवरण सच्याउने/सार्ने तथा हटाउनु पर्ने भए अनुसूची-१ बमोजिमको क्रियाकलाप अनुसार विवरणमा रहेको त्रुटी सच्याउन, मतदाता नामावलीमा नाम हटाउने, ठेगाना परिवर्तन गर्न, दोहोरो परेको नाम हटाउन निर्वाचन आयोगको वेव साईट https://www.election.gov.np लगइन गरी त्यसमा रहेको मतदाता नामावली प्रि-रजिष्ट्रेशन र अध्यावधिकमा प्रवेश गरी वा https://applyvr.election.gov.np, अनलाइन आवेदन पेश वा निर्वाचन कार्यालयमा उपस्थित भई आवेदन पेश गर्न सक्नुहुनेछ।

२०८२/०१/०४
छोटे लाल दास
जिल्ला निर्वाचन अधिकृत
जिल्ला निर्वाचन अधिकारी

गौर, रौतहट, नेपाल फोन नं. (९७७-०५५) ५२०१०० / Gaur, Rautahat, Nepal Tel:(977-055) 520100
Email :- deo.rautahat@election.gov.np

CamScanner

अनुसूची-१

( दफा ४ को उपदफा (२) दफा ६ को उपदफा (१), (३), (४) र दफा ११ को उपदफा (३), (१०) सँग सम्बन्धित )

## प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, रौतहट

### मतदाता नामावली अद्यावधिक कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक कार्य २०८२ साल वैशाख महिनामा देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। सबै मतदाताले आफ्नो विवरण हेरी कुनै विवरण अद्यावधिक गर्नुपर्ने भएमा निम्नानुसारको मिति र स्थानमा सूचना तथा निवेदन पेश गर्न आयोग अनुरोध गर्दछ।

| क्र. सं. | क्रियाकलाप | देखि | सम्म | कार्य सम्पादन हुने स्थान/सम्पर्क गर्ने स्थान |
|---|---|---|---|---|
| १ | आयोगको वेबसाइटमा मतदाता नामावली प्रकाशन गर्ने | २०८२/०१/०६ | | https://www.election.gov.np |
| २ | मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिने | २०८२/०१/०७ | २०८२/०१/१४ | अनलाइन (https://applyvr.election.gov.np) वा निर्वाचन कार्यालय |
| ३ | कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | | | |
| ४ | कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने | | | |
| ५ | मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | | | |
| ६ | वडा कार्यालयमा दर्ता भएका निवेदन प्राप्त गर्ने, बसाईं सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने र सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाईं सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको प्रमाणित विवरण प्राप्त गर्ने | २०८२/०१/०७ | २०८२/०१/१४ | निर्वाचन कार्यालय |
| ७ | उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०८२/०१/१५ | २०८२/०१/१८ | निर्वाचन कार्यालय |
| ८ | मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने, नाम हटाउने लगायत कानून बमोजिम निर्णय गर्ने | २०८२/०१/२१ | | निर्वाचन कार्यालय |
| ९ | नाम हटाइएको सूचना निर्वाचन कार्यालय र सम्बन्धित वडा कार्यालयमा प्रकाशन गर्ने र फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासंगै आयोगमा पठाउने | २०८२/०१/२२ | २०८२/०१/२५ | निर्वाचन कार्यालय र वडा कार्यालय |
| १० | अन्तिम मतदाता नामावली प्रकाशन गर्ने | वैशाख मसान्त | | निर्वाचन आयोग |

जिल्ला निर्वाचन अधिकारी

CamScanner